# आदर्श विद्यालय विकास सहजीकरण पुस्तिका

# २०७७

सामाजिक विकास मन्त्रालय

## शिक्षा विकास निर्देशनालय

गण्डकी प्रदेश, पोखरा

## १. पृष्ठभूमिः

शिक्षा देश विकासका साथै मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । **समृद्ध प्रदेश र सुखी नागरिक** भन्ने विकासको नारालाई यथार्थमा बदल्न, ज्ञानमा आधारित समाजको माध्यमबाट दिगो शान्ति र समृद्धि हासिल गराउनका लागि शिक्षालाई सशक्त माध्यमका रुपमा स्वीकार गरिएको छ । विद्यालय शिक्षाको शैक्षिक गुणस्तरमा सुधार ल्याउन राष्ट्रका लागि आवश्यक दक्ष, अनुशासित एवम् सिर्जनशील जनशक्ति उत्पादन गर्न विद्यमान साधन र स्रोतलाई अधिकतम परिचालन गरी स्थानीयस्तरमै समान शैक्षिक अवसर सुनिश्चित गर्दै खोजमा आधारित सिकाइ, आधुनिक शैक्षणिक विधि र प्रविधिमा आधारित सिकाइ सहजीकरणमा जोड दिनु आवश्यक छ । यसका लागि विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सिर्जना गरी विद्यालयको विद्यमान शैक्षिक एवम् व्यवस्थापकीय पक्षमा सुधार गर्दै सामदुायिक विद्यालयलाई अभिभावक तथा विद्यार्थीको पहिलो रोजाइको शैक्षिक गन्तव्यका रुपमा विकास गर्न आदर्श विद्यालय विकासको अवधारणा अगाडि सारिएको हो। यस अवधारणामा आधारित भई शिक्षालाई कामकाजी, उत्पादनमूलक, श्रमप्रति सम्मान भावसहितको बनाउने र उत्पादित जनशक्तिलाई जीवन जीउने कलासहितको आधारभूत ज्ञान तथा सीपयुक्त बनाई आफ्नो स्थानीयता, कला, सँस्कृति र संस्कारले युक्त नागरिक बनाउने लक्ष्य रहेको छ ।

## २. आदर्श विद्यालयको औचित्यः

शिक्षा प्रणालीले आफ्ना विद्यार्थीलाई सक्रिय, निर्धक्क, उत्सुक र सृजनशील विद्यार्थी, शैक्षिक उपाधि पश्चात व्यक्तिगत, पारिवारिक र सामाजिक रूपमा योगदान दिन सक्ने नागरिकको रूपमा विकास गर्ने अपेक्षा गर्दछ । हाम्रो शिक्षालाई जीवन र जगतसँग सापेक्ष बनाउन प्राचीन शैक्षिक आदर्श तथा आधुनिक प्रविधिजन्य रूपान्तरणलाई समायोजन गरेर उत्पादनशील जनशक्ति देशको परम्परागत मूल्य, मान्यता र संस्कृतिको प्रवर्द्धन तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपले समेत प्रतिस्पर्धा गर्न सक्ने गरी पाठ्यक्रम कार्यान्वयन तथा शैक्षणिक प्रबन्ध गर्न आवश्यक देखिन्छ । आदर्श विद्यालय विकास निम्न पक्षहरुको विकास गर्नका लागि औचित्यपूर्ण हुन्छ ।

- शिक्षक र विद्यार्थीहरुमा सिर्जनशीलता र मेहनत गर्ने बानीमा उल्लेख्य सुधार ल्याउन,
- सिकाइलाई जीवनोपयोगी सीपमा आधारित बनाउँदै श्रमप्रति सकारात्मक भावना भएका व्यवहारिक नागरिक तयार गर्न ।
- विद्यार्थीहरुमा राष्ट्रप्रेम, सच्चरित्रता, अनुशासन, आज्ञाकारिता, संस्कृतिको जगेर्ना, सामाजिक मुल्य, मान्यता र असल सँस्कार, व्यवहारकुशल सीप जस्ता पक्षहरुको समुचित विकास गर्न,

- बालबालिकाको सिकाइको गति, अनुभव, रुचि र क्षमता अनुसारको पठनपाठनलाई उचित रुपमा सम्बोधन गर्न,
- समाजको अपेक्षा र आवश्यकता एवम् शिक्षाको उत्पादनवीच तालमेल मिलाउन ।

**३. आदर्श विद्यालय विकास कार्यक्रमको उद्देश्यः**

विद्यालयको शैक्षिक वातावरणमा एकिकृत सुधार गर्न आदर्श विद्यालय विकास गर्ने प्रयोजनमा निम्न लिखित उद्देश्यहरु राखिएको छः

क) आदर्श शैक्षिक वातावरण र क्रियाकलाप मार्फत विद्यार्थीमा स्वावलम्विपनको विकास गर्ने ।

ख) विद्यालयको आन्तरिक र बाह्य वातवरणमा सुधार ल्याई बालबालिकाहरूमा जीवनोपयोगी सीपको विकास गर्ने ।

ग) स्वाबलम्बी , सिर्जनशील र सीपयुक्त विद्यार्थी उत्पादन गरी रोजगारी र उत्पादनमा योगदान दिने ।

घ) सिकाइलाइ आधारभूत ज्ञान तथा सीपयुक्त बनाई आफ्नो स्थानीयता, कला, सँस्कृति र संस्कारयुक्त नागरिक बनाउने ।

**४. आदर्श विद्यालयको आवश्यकताः**

- विद्यालयमा राष्ट्रप्रेम, सदाचार, सच्चरित्रता, स्वस्थ प्रतिष्पर्धा, अनुशासन, स्थानीय र मातृभाषाका पाठ्यक्रमको निर्माण र कार्यान्वयन, सँस्कृतिको जगेर्ना, गुरुकुल पद्धतिका सकारात्मक पक्षको अनुसरण, जीवन प्रासङ्गिक कार्यक्रम निर्माण र कार्यान्वयन, सुरक्षित विद्यालय वातावरण सिर्जना, सरोकारवालाहरुको सक्रिय सहभागिता एवम् समुदायमा स्थापित असल मुल्य, मान्यता, संस्कृति र संस्कारको आत्मसात् र खराव आचरण एवम् संस्कारको सुधार जस्ता कार्यलाई आधारको रुपमा समेटिने गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आदर्श विद्यालयको आवश्यकता छ ।

**५. आदर्श विद्यालय स्थापना तथा छनौटको मापदण्ड र आधारहरुः**

क. कार्यक्रमको पहिलो चरणमा प्रदेशको ३६ वटा प्रादेशिक निर्वाचन क्षेत्रलाई आधार मानी स्थानीय तह र विद्यालयहरुसँग समन्वय गरी प्रति निर्वाचन क्षेत्र एउटा विद्यालय आदर्श विद्यालय विकासका लागि छनौट गर्ने,

ख. सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजना तयार र कार्यान्वयन गर्ने ।

ग. निर्मित योजना कार्यान्वयनका लागि विद्यालय, स्थानीय संघ संस्था, स्थानीय तह र सरकारबाट लगानीको व्यवस्था मिलाउने,

घ. स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय संघसस्था समेतको समन्वय, सहयोग र सहकार्यमा आदर्श विद्यालय सम्बन्धी कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

ङ. आदर्श विद्यालयले विद्यार्थीको सिकाइलाई अर्थपूर्ण बनाई व्यवहार परिवर्तन गर्न न्युनतम शैक्षिक वातावरण सिर्जनाका लागि शैक्षिक पूर्वाधारमा सुधार, विद्यार्थी केन्द्रित क्रियाकलाप सञ्चालन, प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलापका लागि आवश्यक पूर्वाधार, शिक्षकहरुको पेशागत प्रतिवद्धता एवम् उत्प्रेरणा, विद्यालय स्वास्थ्य वातावरण स्थापना, सामुदायिक सहभागिता जस्ता कार्यमा योजनावद्ध सुधार कार्यको थालनी गर्दै लैजाने व्यवस्था मिलाउने,

च. स्थानीय तहसँगको समन्वयमा प्रदेश निर्वाचन क्षेत्रलाई आधार मानी सञ्चालित सामुदायिक विद्यालय छनौट गरिने,

छ. न्यूनतम भौतिक पूर्वाधार सहितका सुधारोन्मुख सामुदायिक विद्यालयहरुलाई यस कार्यक्रममा प्राथमिकता दिइने,

ज. नेपाल सरकार र प्रदेश सरकारले नमूना विद्यालयको रुपमा विकास गर्नका लागि छनौट गरेका वाहेकका विद्यालयहरुलाई प्राथमिकता दिइने।

**६. आदर्श विद्यालय स्थापनाका शर्तहरु**

आदर्श विद्यालय विकास कार्यक्रममा छनौट भएका विद्यालयहरुले निम्न शर्त पालना गर्नुपर्नेछ ।

## ६.१.पूर्वाधार विकासः

- विद्यालय भवन, कक्षा कोठा, रंगरोगन गर्नुपर्ने । विद्यालय परिसर मौलिकता झल्किने गरी आकर्षक बनाउनु पर्ने,
- पुस्तकालय स्थापना गरी विद्यार्थी, शिक्षकले अधिकतम उपयोग गर्नुपर्ने,
- प्रयोगशाला स्थापना गरी विद्यार्थी, शिक्षकले अधिकतम उपयोग गर्नुपर्ने,
- व्यवसायिक कार्यशाला कक्ष स्थापना गर्नुपर्ने,
- शुद्ध पिउने पानीको व्यवस्था र सरसफाई व्यवस्थापन राम्रो हुनुपर्ने,
- चमेना गृह निर्माण र सुधार गरी उपयोग गर्नुपर्ने,
- विद्यालयमा घेरबार र वगैचा निर्माण र सुधार गरी वातावरणमैत्री हुनुपर्ने,
- प्राथमिक उपचार कक्षको व्यवस्था गर्नुपर्ने,
- छात्राछात्रहरुको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको हुनुपर्ने ।
- विद्यालयमा वगैंचा अनिवार्य हुनुपर्ने जसमा विद्यार्थीहरुलाई परिचालन गर्नुपर्ने ।

## ६.२. सुशासनका पक्षहरुः

- सरोकारवालाको सहभागितामा कम्तिमा ५ वर्षे विद्यालय सुधार योजना निर्माण गरेको हुनुपर्ने,
- विद्यालय सञ्चालनको लागि शिक्षक, विद्यार्थी तथा अभिभावकका लागि आचारसंहिता निर्माण र कार्यान्वयन गरेको हुनुपर्ने,

- लेखा परीक्षण, सामाजिक परीक्षण नियमित गरेको हुनुपर्ने र खर्चको सार्वजनिकीकरण गर्नुपर्ने,
- नियमित सूचना प्रवाहको व्यवस्था तथा गुनासो सुनुवाई गरी समस्या समाधान गर्नुपर्ने,
- नियमित शिक्षक स्टाफ वैठक, निर्णय प्रक्रियामा सामुहिकता कार्यान्वयन गर्नुपर्ने,
- बाल क्लव, स्काउट, जुनियर रेडक्रस सर्कल स्थापना र परिचालन गर्नुपर्ने,
- विद्यालयसँग अभिभावक र अन्य सरोकारवालाको नियमित अन्तर्क्रिया भएको हुनुपर्ने,
- सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था हुनुपर्ने ।

## ६.३. शिक्षण सिकाइः

- शिक्षण सिकाइ लगायत अन्य शैक्षिक गतिविधिहरुमा ICT को प्रयोग गरिएको हुनुपर्ने,
- विद्यार्थीको सिकाईमा शिक्षक तथा विद्यालयको रचनात्मक सहयोग हुनुपर्ने,
- विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको अवसर दिनुपर्ने,
- सकभर कम मूल्य पर्ने र मूल्य नै नपर्ने (low cost and no cost) शिक्षण सामग्रीको निर्माण, संकलन, प्रयोग र व्यवस्थापन गर्नुपर्ने,
- प्रभावकारी मूल्याँकन पद्धतिको प्रयोग गर्नुपर्ने,
- विद्यार्थी परामर्शको व्यवस्था गरी पृष्ठपोषण दिनुपर्ने,
- विद्यार्थीहरुलाघ उत्पादनसँग जोडिने गरी प्रयोगात्मक अभ्यास गर्नुपर्ने ।

## ७. आदर्श विद्यालयका स्वरुप र विशेषताहरु

विद्यालयको प्रवेश विन्दुमै केही सुन्दर वा उत्प्रेरणात्मक उद्गारहरू राख्न सकिन्छ, जसले विद्यालयको आदर्श र विशेषतालाई प्रतिविम्बित गर्दछन् । **संस्कारमा हुर्काऔं, प्रकृतिमा सिकाऔं, प्रविधिमा रमाऔं, स्वावलम्वी एवम् राष्ट्रप्रेमी बनाऔं** को आदर्शलाई विद्यालय विकासको आधार मान्न सकिन्छ । आदर्श विद्यालय विकासका क्षेत्र, हुनुपर्ने स्वरुप र विशेषताहरुलाई निम्न वमोजिम सूचीकृत गर्दै विशेषता युक्त विद्यालयको विकास नै आदर्श विद्यालय विकास हो भन्ने मान्यता राखिएको छ । यस कार्यक्रममा छनौट भएका विद्यालयहरुले देहायको विशेषता प्रदर्शन गर्न सक्ने गरी शैक्षिक गतिविधि सञ्चालन गर्नुपर्ने हुन्छ ।

७.१.प्रशासनिक व्ययवस्थापन

- व्यवस्थापकीय र सुशासनका पक्षहरुको कार्यान्वयन,
- विद्यालय शान्तिक्षेत्र कार्यक्रम कार्यान्वयन,
- सुरक्षित वातावरण सिर्जना,
- विद्यालय स्वास्थ्य वातावरण सिर्जना,
- दिवाखाजा व्यवस्था तथा जङ्कफूडको प्रयोगमा नियन्त्रण,
- विद्यालय र समुदायको वातावरणीय सरसफाई अभियान सञ्चालन,

- योग शिक्षा, अभिभावक शिक्षा, किशोर किशोरी शिक्षा, संगीत र खेलकुद एवम् सहक्रियाकलाप सञ्चालनको योजनावद्ध व्यवस्था,
- शिक्षक र विद्यार्थीमा सिक्ने, सिकाउने सम्मानजनक वातारणको सिर्जना,

७.२. शैक्षिक व्यवस्थापन

- तथ्य र प्रमाणमा आधारित शिक्षण, खोजमा आधारित सिकाइ र प्रदर्शनमा आधारित मूल्याङ्कन प्रणाली उन्मुख शैक्षिक क्रियाकलाप निर्माण र कार्यान्वयन,
- परियोजना कार्य (समसामयिक गतिविधिमा विद्यार्थीसँग सरोकारवालाहरूको छलफल, समाजमा विविध विषयको जानकारी लिन पठाउने व्यवस्था, विभिन्न सामाजिक गतिविधिमा सहभागी गराउने, घर वा समाजका गतिविधिको रिपोर्टिङ तथा प्रस्तुतीकरण व्यवस्था)
- विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि उपयुक्त र प्रभावकारी शिक्षण सिकाइ प्रक्रिया सञ्चालन,
- विद्यार्थीको मौलिक सिर्जनालाई सीप अथवा लेखनमार्फत अभिव्यक्तको अवसर प्रदान गर्ने,
- कक्षाकोठामा विविधतापूर्ण व्यवस्थापन,
- विद्यालयमा नवीनतम शैक्षणिक प्रविधि प्रयोगको व्यवस्था,
- जीवनोपयोगी सीपमा आधारित शिक्षा प्रदान गर्ने,
- आवश्यकता अनुसार शिक्षकलाई मातृभाषाको तालिम, मातृभाषा र स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग,
- प्रत्यक्ष संलग्नतामा ज्ञानको सिर्जना गर्ने वातावरण,
- गुरुकुल पद्धतीका सकारात्मक पक्षको अनुसरण,
- विद्यालयमा राष्ट्रियता, स्थानीय साँस्कृतिक परिवेश, परम्परागत ज्ञान र सीपको संरक्षण र विकास,
- विद्यार्थीमा लगनशीलता, सिर्जनशीलता, परिश्रमी, अनुशासन र आज्ञाकारिता जस्ता सीप तथा व्यवहारहरुको विकास गर्न सकिने क्रियाकलाप सञ्चालन गर्ने,
- स्थानीय भाषा, संस्कृति र रीतिरिवाजको जगेर्नामा सहयोगी वातावरण सिर्जना,
- स्थानीय समुदायको मुख्य पेसा, कला र संस्कृतिको विद्यालयमा अभ्यास र विद्यार्थीमा सीपको विकास,

७.३. नीति तथा आचार संहिता

- समर्पित तथा व्यावसायिक शिक्षक र आचारसंहिताको पूर्ण पालना गर्ने वातावरण सिर्जना,
- सरोकारवालाहरुको आचारसंहिता निर्माण, प्रदर्शन र कार्यान्वयन,
- शिक्षक विद्यार्थी नियमितता,

७.४.भौतिक व्यवस्थापन

- विद्यालय बगैंचा निर्माण तथा व्यवस्थापन,

- विद्यालय निर्माण र सुधारमा स्थानीय सामग्रीको प्रयोग,
- विद्यालयमा हरित वातावरण सिर्जना,
- कक्षाकोठामा बुक कर्नर,

७.५.सरोकारवालाहरुको सहभागिता

- सरोकारवालाहरु सवैमा सामुहिक दायित्व र बराबरीको भावनाको विकास, सामुहिक निर्णय पद्धती,
- वालमैत्री, लैंगिक मैत्री एवम् अपाङ्ग मैत्री विद्यालय ,
- समता र सहभागितामूलक व्यवस्थापन प्रणाली ,
- निर्णय प्रक्रियामा सरोकारवालाहरुको सहभागिता एवम् शिक्षक अभिभावक सामुहिक भेटघाट ।

## ८. आदर्श विद्यालयका अपेक्षित उपलब्धीः

- विद्यालयको बातावरण सफा हराभरा र मनमोहक भएको हुने,
- विद्यालयका भौतिक सुविधा चुस्त र आकर्षक भएको हुने,
- विद्यालयमा सामुहिकतामा विश्वास गर्ने र आदर्श नेतृत्व भएको हुने,
- विद्यालयसँग सम्बद्ध पक्ष शिक्षक अभिभावक सँघ र विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य निकायको निरन्तर सहयोग, अनुगमन हुने र पृष्ठपोषण प्रदान भएको हुने,
- शिक्षक विद्यार्थी र अभिभावकको उच्च समन्वय तथा सहभागिता भएको विद्यालय हुने,
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने र अन्य स्थानमा अतिरिक्त क्रियाकलाप एवम् प्रतियोगितात्मक कार्यक्रममा विद्यालयको सहभागिता भएको तथा उत्कृष्ठ नतिजा प्राप्त भएको हुने,
- स्थानीय पाठ्यक्रम तथा मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र प्रयोग भएको हुने,
- अभिभावक, शिक्षक र विद्यार्थीहरुले पालना गर्ने आचारसंहिता निर्माण र पूर्ण रुपमा पालना गरेको हुने,
- विद्यालयले गरेका सबै कार्यक्रमहरु अन्य विद्यालयहरुले अनुकरण गर्न योग्य हुने,
- समुदाय र विद्यालयको एक आपसमा सहयोगी भावनाको विकास हुने,
- विद्यालय जङ्कफूड निषेधित क्षेत्र भएको हुनेछ ।

## ९. सरोकारवालाहरुको भूमिकाः

आदर्श विद्यालयका सरोकारवालाहरुको भूमिका निम्न बमोजिम हुन पर्दछ ।

### अ. विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघको भूमिकाः

प्रचलित शिक्षा ऐन नियमावलीमा उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघले आदर्श विद्यालय विकासका सम्बन्धमा निम्न बमोजिमको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

क. आदर्श विद्यालय विकासको योजना निर्माण एवम् कार्यान्वयन गर्ने,

ख. विद्यालयका लागि आवश्यक स्रोतको खोजी गर्ने, उपयुक्त परिचालन गर्ने,

ग. विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सृजना गर्ने, विद्यालयमा प्रयोग हुने बोली बचन, व्यवहार, गतिविधिहरु सबैले अनुसरण योग्य बनाउने,

घ. प्र.अ., शिक्षक, विद्यार्थीहरुलाई शिक्षण एवम् सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको विकास एवम् प्रयोगमा आवश्यक सहयोग पुऱ्याउने,

ङ. विद्यालय, समुदाय र अभिभावकबीच सुमधुर सम्बन्ध बनाइराख्ने ।

**आ. अभिभावकः**

च. अभिभावक स्वयम् असल बानी व्यहोरा भएको साथै बालबालिका अनुकुल वातावरण सृजना गर्नुपर्ने,

छ. अभिभावकमा विद्यालय प्रति अपनत्वको भावना भएको हुनुपर्ने,

ज. आफ्ना बालबालिका नियमित रुपमा विद्यालयमा उपस्थित भए नभएको खोजी गर्ने,

झ. घरमा बालबालिकालाई सिकाईमैत्री वातावरण सृजना गर्ने,

ञ. बालबालिकालाई विद्यालयमा शिक्षकहरुसँग अनुशासित भई पढनु पर्छ भन्ने ज्ञान दिने,

ट. बालबालिकालाई नियमित पढाईका अतिरिक्त वैकल्पिक सिकाई क्रियाकलापमा सहभागी हुने अवसर प्रदान गर्ने,

ठ. घरमा वा समुदायमा दिदी, बहिनी, दाजु, भाई र छिमेकीहरुसँग मिलेर बस्ने आनीबानीको विकास गराउने,

ड. विद्यालय जाँदा आवश्यक पर्ने किताब, कापी, कलम जस्ता सामग्रीहरु समयमा नै उपलब्ध गराउने,

ढ. विद्यालय जाँदा सधैं शैक्षिक सामग्री लिएर जान लगाउने साथै लगे नलगेको एकिन गर्ने,

ण. बालवालिकालाई विद्यालयमा वा अन्यत्र हुने सिकाईका लागि उपयुक्त मनोरञ्जनात्मक क्रियाकलापका लागि समयमा नै खर्चको व्यवस्था मिलाइ उनीहरुको हौसला बढाउने,

त. विद्यार्थीलाई पोषणयुक्त खाजा घरैबाट तयार गरी पठाउने,

थ. प्रधानाध्यापक, कक्षा शिक्षक, विषय शिक्षक र अन्य शिक्षकहरुसँग आफ्ना बालवालिकाको शैक्षिक अवस्था र अन्य अवस्थाका बारेमा नियमित रुपमा जानकारी लिने,

द. सामाजिक क्रियाकलाप तथा सार्वजनिक कार्यक्रमहरुमा सहभागी गराउने,

ध. आफ्ना बालवालिकालाई विद्यालय पठाउँदा सफाईमा ध्यान दिई विद्यालय पोशाकमा पठाउने,

न. सानालाई माया र ठूलालाई आदर गर्नु पर्छ भन्ने कुरा सिकाउने,

ऩ. घर नै पहिलो पाठशाला हो भन्ने कुरालाई मनन् गरी बालबालिकाको सिकाइमा सहयोग गर्ने,

प. निरन्तर विद्यालयको सम्पर्कमा रहने तथा आवश्यकता अनुसार सहयोग पुऱ्याउने

फ. बालवालिकालाई राष्ट्रप्रेम, सदाचार, अनुशासन जस्ता आदर्श गुणहरुको विकासका लागि घर परिवारमा समय समयमा विभिन्न कृयाकलाप गराउने (संविधान दिवसको दिनमा घरमा वत्ती बाल्ने, तिहारमा रङबाट नेपालको नक्सा बनाउने जस्ता क्रियाकलाप)

**इ. शिक्षकः**

क. विद्यार्थीहरुको सिकाइको गति, अनुभव, रुचि र क्षमता अनुसारको सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

ख. शिक्षक आफू अनुशासित, लगनशील, मेहनती हुनुपर्ने,

ग. शिक्षक स्वयम् आफ्नो वानी व्यहोरा आचरणको हिसाबले अनुकरणीय हुनुपर्ने,

घ. पठनपाठनमा विद्यार्थीहरुको कमी कमजोरी बुझेर आफनो विषयमा कुन विद्यार्थी कमजोर छ पत्तालगाई पृष्ठपोषण दिने,

ङ. शिक्षण प्रविधि सम्बन्धी क्षमता भएको,

च. अतिरिक्त कृयाकलापको योजना बनाई कार्यान्वयन गर्नुपर्ने,

छ. विद्यार्थीलाई शान्त र अनुशासनमा रहेर पढ्नको लागि उत्प्रेरित गर्ने, वातावरण तयार पार्ने,

ज. विषयवस्तु अनुसार शैक्षिक सामग्रीहरु प्रयोग गर्ने साथै स्थानीयस्तरमा उपलव्ध हुने शैक्षिक सामग्रीहरुलाई प्राथमिकता दिने,

झ. कक्षा कार्य र गृहकार्य नियमित परीक्षण गरी सिकाइमा सुधार ल्याउनमा उपयोग गर्ने,

ञ. विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्ने,

ट. विद्यार्थीहरुलाई पठनपाठन गराउँदा निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण दिने,

ठ. अभिभावकहरुसँग विभिन्न माध्यमबाट सम्पर्कमा रहने, अन्तर्क्रिया गर्ने,

ड. विद्यालयको बार्षिक कार्यक्रम बनाउने समयमा सहभागी हुने र बार्षिक कार्यक्रम अनुसार सहकार्य गर्ने,

ढ. शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति साथै अन्य सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रमहरुमा सहभागी हुने,

ण. विद्यालय सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापन जस्ता बिषयमा ध्यान दिने,

त. विद्यालय र विद्यार्थी मेरा हुन भन्ने भावना राख्ने,

थ. पठनपाठन गराउँदा नयाँ नयाँ कुरा साथै देश विदेशका समसामयिक गतिविधि बारे विद्यार्थीलाई अवगत गराउने,

द. पाठ्यपुस्तक मात्र नभई अन्य प्रविधिहरुको खोजी गरेर शिक्षण गराउने,

ध. विद्यालयको आचारसंहिता पूर्ण रुपमा पालना गर्ने,

न. विद्यार्थीलाई राष्ट्रप्रेम, सच्चरित्रता, अनुशासन, आज्ञाकारीता, संस्कृतीको जगेर्ना, सामाजिक मूल्य मान्यता, संस्कारको अनुसरण र कुशल व्यवहार सीप जस्ता पक्षको प्राप्तिमा सहयोग गर्ने,

## ई. विद्यार्थी

### क. शैक्षिक भूमिकाः

- पाठ्यक्रम र पाठ्यपुस्तकमा समेटिएका विषयवस्तुका अतिरिक्त अन्य विषयको पनि ज्ञान लिने,
- अध्ययन गरेका विषयवस्तुलाई आवश्यकता अनुसार व्यवहारमा प्रयोग गर्ने,
- देश र राष्ट्रप्रति प्रेम र सद्भाव भएको हुनुपर्ने,
- देश विदेशका समसामयिक गतिविधिप्रति विशेष चासो राख्ने,
- शैक्षिक सामग्रीको आवश्यकताअनुसार प्रयोग र जतन गर्ने,
- नबुझेका बिषयलाई पालोपालो गरेर शिक्षकसँग सोध्ने,
- विद्यालयमा अनुपस्थित हुन परेमा कक्षा शिक्षकलाई पहिला नै जानकारी दिने
- अतिरिक्त क्रियाकलापमा नियमित रुपमा सक्रिय सहभागी हुने ।

### ख. सामाजिक भूमिकाः

- समुदायमा हुने कार्यक्रमहरुमा सहभागी हुने,

- सभ्य र शिष्ट भाषा प्रयोग गर्ने,
- सानालाई माया, ठूलालाई आदर, असक्तलाई आदरपूर्वक सहयोग गर्ने,
- पानी प्रयोग गरेपछि धारा बन्द गर्ने,
- शौचालयको प्रयोग पछि पानी राखेर सफा गर्ने,
- कसैसँग नरिसाउने, अरु रिसाए पनि आँफू शिष्ट भाषामा बोल्ने,
- फोहरमैला जथाभावी नफाल्ने, फोहर दानि (डस्ट विन) को प्रयोग गर्ने,
- अरुलाई चोट पुग्ने कुराहरु नबोल्ने,
- बोल्दा सधैं हँसिलो भएर मुस्कुराएर बोल्ने,

### ग. राष्ट्र र राष्ट्रियताः

- राष्ट्रको सम्पत्तीको माया गर्ने । सरकारी भवन, मठ मन्दिरहरु, देवल, विद्यालयहरु जस्ता सम्पदाहरुको संरक्षण गर्ने,
- आफ्नै देशमा उत्पादित सामानहरुको प्रयोग गर्ने बानी बसाल्ने,
- कामलाई ठूलो सानो नभनी उच्च सम्मान दिने,
- कुनै पनि ठाउँमा कसैले नियतवस गलत काम गरेको छ भने शिक्षक, अभिभावक वा आवश्यकता अनुसार प्रहरीलाई खबर गर्ने,
- आफ्नो देश भित्र रहेका सम्भावनाका साथै राम्रा कुराहरुको खोजी गर्ने,
- देश विदेशको उदाहरणलाई लिएर आफ्नो देशको नकारात्मक तुलना मात्र नगर्ने,
- राष्ट्र र राष्ट्रियताप्रति सम्मानपूर्ण भावना राख्ने,

### घ. अनुशासन/नैतिक आचरणः

- विद्यालय जाँदा नियमित रुपमा सफा पोसाक प्रयोग गर्ने,
- यथासम्भव स्थानीय र कम खर्चिलो सामान प्रयोग गर्ने,
- आफ्नो शरीरको सरसफाइमा ध्यान दिने (विहान वेलुका दाँत माझ्ने, नियमित हातमुख धुने, कपाल सफा राख्ने कोर्ने, मोजा नियमित धोएर प्रयोग गर्ने),
- जथाभावी नथुक्ने, अरुको अगाडि नाक, कान, जिउ नकोट्याउने, सिगान निकाल्ने जस्ता काम नगर्ने, रुमालको प्रयोग गर्ने,
- खानेकुरा खाँदा आवाज ननिकाल्ने, मुखमा खानेकुरा राखेर नबोल्ने, खाँदै नहिड्ने,
- अरुलाई असर पर्ने गरी टिभी, मोवाइल जस्ता उपकरण प्रयोग नगर्ने वा नचलाउने,
- अनावश्यक विजुलीबत्ती नबाल्ने, बलेको देखेमा निभाउने,
- आफुभन्दा ठूलालाई सम्मान र सानालाई माया गर्ने आमा, बुबा, गुरुलाई सधै आदर गर्ने,
- समाजमा छरछिमेकीहरु र इष्टमित्रसँग असल सम्बन्ध राख्ने,
- बस चढ्दा, मन्दिरमा पूजा गर्न जाँदा, सामान किन्दा र यस्तै अन्य गतिविधिमा सहभागी हुँदा भिड नगरी पालो वा लाइनमा बसेर कार्य गर्ने,

### ङ. पर्यावरणः

- आफ्नो घर तथा विद्यालय वरिपरि फुलहरु, तरकारी, स-साना रुख विरुवा लगाउने,
- विद्यालय वा वरिपरिका बगैंचाका फुलहरु आवश्यक नपरी नटिप्ने, वोट विरुवा, रुख जोगाउने, वोट विरुवाका हाँगा मुना नचुँड्ने,
- आवश्यकता अनुसार घरपालुवा जनावर पाल्ने,
- जंगलमा पाइने जंगली जनावर तथा पंक्षीलाई माया र संरक्षण गर्ने
- कुहिने र नकुहिने चिजहरुलाई छुट्टा छुट्टै राख्ने,
- कुनै पनि फोहोर वा वातावरणमा प्रदुषित हुने वस्तुहरु तोकिएको ठाउँमा मात्र जम्मा जर्ने

**च. खानपानः**

- आफ्नो समाजमा उत्पादन भएका खानेकुराहरुलाई प्रथमिकता दिई प्रयोग गर्ने,
- खानेकुरा प्रयोग गर्दा बासी, सडेगलेका, जङ्क फुडलाई पूर्णरुपमा वहिस्कार गर्ने,
- बिदेशमा उत्पादित सामानहरुभन्दा स्वदेश कै सामानलाई प्रयोग गर्ने,
- स्वास्थ उपचारका लागि पहिचान तथा प्रयोगमा आएका स्थानीय जडीबुटीलाई पहिलो प्राथमिकता दिने,
- स्वास्थ्यको लागि हानिकारक लागुपदार्थ, धुम्रपान र मध्यपान नखाने/नगर्ने,
- अधिक या अति कम मात्रामा नखाई शरीरको आवश्यकता अनुसार खाने ।
- पौष्टिक तत्वको सन्तुलन मिलाएर खाना खाने ।
- खानेकुराहरु राम्ररी सफा गरी पकाएर मात्र खाने ।

**झ. रहनसहन/संस्कृतिः**

- सरल, सुरक्षित र भद्र जीवनयापन गर्ने,
- जुनसुकै काम गर्दा वृद्ध, महिला, अशक्त र उपेक्षित समूहलाई प्रथम प्राथमिकता दिने, (जस्तै-गाडी चढ्दा, अस्पतालमा टिकट लिँदा, अन्य सेवा सुविधा लिँदा)
- आफ्नो जात, धर्म, भेषभुषाको सम्मान गरी सम्पत्तिको रूपमा संरक्षण गर्ने, अन्य संस्कार संस्कृतिहरुलाई सम्मान गर्ने र कुनै पनि प्रकारको विभेद नगर्ने,
- लोप हुँदै गएका पुराना संस्कृतिहरुलाई संरक्षण गर्ने, तिनीहरुको प्रचारप्रसार गर्ने,
- श्रृंगारका सामग्रीहरु प्रयोग गर्दा भद्दा तरिकाले नगर्ने,
- अनावश्यक गहनाहरूको प्रगोग नगर्ने ।

**ज. विद्यार्थीको दैनिकीः**

- समयको सदुपयोगका लागि समयमै उठ्ने, अध्ययन गर्ने, खाना खाने । बिहान उठने पढ्ने, जस्ता दैनिक हुने कामको समय तालिका बनाउने,
- समय तालिका अनुसारको कामको समीक्षा गर्दै कार्यान्वयन गर्ने,
- कामका साथसाथै आराम गर्ने समय पनि राख्ने, पहिलो प्राथमिकता अध्ययन र कामलाई दिने,
- फुर्सदको समयमा महान् व्यक्तिहरुका पुस्तक पढ्ने साथै लेखहरु लेख्ने बानी बसाल्ने,
- विशिष्ट र अनुकरणीय व्यक्तित्वहरूका जीवनी पढ्ने, अन्तर्वार्ता सुन्ने,

- सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाक्रमहरूमा चासो राख्ने, अद्यावधिक हुने ।

## १०. स्थानीय तहको भूमिकाः

- आदर्श विद्यालय कार्यक्रम संचालनको लागि छनोट भएका विद्यालयहरुसँग सम्झौता गर्ने,
- आदर्श विद्यालय विकासका लागि थप वित्तिय व्यवस्था गर्ने,
- विद्यालयको विद्यालय सुधार योजनामा आदर्श विद्यालय विकास योजना समावेश गरी कार्यान्वयनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने,
- आदर्श विद्यालय विकास कार्यक्रम प्राप्त गरेका विद्यालयहरुको नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने
- यो सहजीकरण पुस्तिका बमोजिमका क्रियाकलाप आफ्नो स्थानीय तहका सबै विद्यालयमा लागू गर्ने प्रयास गर्ने ।
- आवश्यकता अनुसार शिक्षा विकास निर्देशनालय र सामाजिक विकास मन्त्रालयसँग समन्वय गर्ने ।

## ११. सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयको भूमिकाः

- आदर्श विद्यालय सम्बन्धी मार्गदर्शन, सहजीकरण पुस्तिका तयारी तथा अद्यावधिक गर्ने ।
- छनोट भएका विद्यालयहरुलाई स्थानीय तह मार्फत बजेट उपलब्ध गराउने,
- आदर्श विद्यालय विकासका लागि अभिमुखीकरण कार्यशाला संचालन गर्ने,
- स्थानीय तह र कार्यक्रम संचालन भएका विद्यालयहरुलाई आवश्यकता अनुसार प्राविधिक सहायता उपलब्ध गराउने,
- विद्यालयहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
- आदर्श विद्यालय सम्बन्धी कार्यक्रमहरू लागु गर्न विद्यालय र स्थानीय तहहरूलाई उत्प्रेरित गर्ने ।

## १२. विद्यालयले सञ्चालन गर्नुपर्ने मुख्य क्रियाकलापहरूः

- एक जना शिक्षकलाई यो कार्यक्रमको जिम्मेवार शिक्षकका रुपमा फोकल शिक्षकका रुपमा तोक्ने,
- सहजीकरण पुस्तिकाको प्रभावकारी कार्यान्वयन गर्ने,
- आदर्श विद्यालय सम्बन्धी सम्भावित कार्यक्रमहरू विकास र कार्यान्वयन गर्ने,
- विद्यालय भवन, परिसर, घेरावार आदि मौलिक, आकर्षक बनाउने,
- विद्यालयमा जडिबुटी तथा फलफुल जन्य वनस्पतिहरू लगाई हरियालीपूर्ण वातावरण बनाउने,
- रचनात्मकता, देशभक्ति तथा राष्ट्रियता प्रवर्धन हुने खालका प्रवचन, गोष्ठी, नाटक, लेखन, अभिनय, परिसम्बाद जस्ता साहित्यिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक तथा साँस्कृतिक गतिविधिहरूमा विद्यार्थी, शिक्षक र कर्मचारीको परिचालन गर्ने,
- आदर्श श्रब्य दृष्य सामग्रीको विकास र प्रयोग गर्ने ।

## १३. बजेट खर्च गर्न सकिने क्षेत्रहरुः

- शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स., शि.अ.स.को लागि आचार संहिता निर्माण र अभिमुखीकरण,
- विद्यार्थीका लागि जीवनोपयोगी, व्यवहारिक सीप तथा कौशल हासिल गराउने प्रयोजनार्थ आवश्यक सचेतनामूलक
- अभिभावक शिक्षा कार्यक्रम विकास तथा सञ्चालन,
- विद्यालय तथा समुदायमा सरसफाई लगायतका विविध सचेतनामूलक अभियान सञ्चालन,
- प्रविधिमैत्री शिक्षणका लागि इन्टरनेट प्रयोग सम्बन्धी खर्च,
- सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी खर्च,
- विद्यालयको नतिजा विश्लेषण तथा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यशाला सञ्चालन सम्बन्धी खर्च,
- विद्यार्थीले परिवार, समुदाय तथा विद्यालयमा सिकेका सीपलाई प्रदर्शन,
- विद्यार्थी प्रतिभा पहिचान, प्रोत्साहन तथा प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालनमा हुने खर्च,
- विद्यालय स्वःमूल्याङ्कनका सूचक तयारी गरी मूल्याङ्कन गर्ने र सुधारका योजना निर्माण र कार्यान्वयन ।

समाप्त